नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
सानोठिमी, भक्तपुर
सूचना प्रकाशित मिति: २०८२।०७।१९

# माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) २०८३ मा समावेश हुनका लागि रजिष्ट्रेशन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

शैक्षिक सत्र २०८२ मा कक्षा ९ मा साधारण, परम्परागत (संस्कृत/वेदविद्याश्रम/गुरुकुल/मदर्सा/गोन्पा) र प्राविधिक धारतर्फ नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूले २०८३ सालको नियमित माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा समावेश हुनका लागि रजिष्ट्रेसन फाराम **२०८२ कार्तिक १९ गतेदेखि २०८२ मंसिर २४ गते** भित्र भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, स्थानीय तहका शिक्षा महाशाखा/शाखा, शिक्षा विकास तथा समन्वय इकाई, तथा शिक्षा विकास निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरूका लागि:**

क) हाल कक्षा ९ मा नियमित विद्यार्थीका रूपमा अध्ययनरत साधारण, परम्परागत र प्राविधिक धारतर्फ समेतका विद्यार्थीहरूले **अक्षराङ्कन पद्धतिमा कक्षा ८ वा सो सरहको वार्षिक परीक्षा उत्तीर्ण भएको हुनुपर्ने छ। साथै अक्षराङ्कन पद्धति २०७९ साल हकमा न्यूनतम D ग्रेड प्राप्त ग्रेडसिट र** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोसाकमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो निर्दिष्ट स्थानमा टाँसी **२०८२ कार्तिक १९ गतेदेखि २०८२ मंसिर २४** भित्र राजश्व वापत रु.३००। सहित आफू अध्ययनरत विद्यालयमा बुझाउनुपर्ने छ। उक्त दस्तुर **राजश्व शीर्षक नं. १४२२३** मा दाखिला गर्नुपर्ने छ।

ख) विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, आमा बाबुको नाम पछिसम्म फरक नपर्ने गरी ठिकसँग भरे नभरेको रुजु गर्ने, गराउने प्रमाणित गरी **२०८२ मंसिर मसान्त** भित्र राजश्व शुल्कको विवरणसहित उक्त फाराम सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा बुझाइ सक्नुपर्ने छ।

ग) खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयका विद्यार्थीहरूले २०८२ सालको परीक्षा आवेदन फाराम भर्ने समयमा रजिष्ट्रेसन फारामसमेत सँगै भर्नुपर्ने छ।

२. यो फाराम साधारण, परम्परागत तथा प्राविधिक धारतर्फका विद्यार्थीहरुले माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८३ मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भरिने भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले उक्त सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सामेल हुन पाउने छैनन्।

३. २०८२ मा रजिष्ट्रेशन फाराम भरी २०८३ को माध्यमिक शिक्षा परीक्षामा समावेश हुनका लागि २०८३ चैत्र मसान्तमा १४ वर्ष उमेर पूरा गरेको हुनुपर्ने छ।

४. शिक्षा विकास तथा समन्वय इकाईहरूले रजिष्ट्रेसन फारामका आवश्यक विवरणहरू **अनलाइन इन्ट्रि तथा रुजु कार्य निम्नानुसारको कार्य तालिका अनुसार सम्पन्न गर्नुपर्ने छ।**

| क्र स | कार्य | समयावधि |
|---|---|---|
| १ | शिक्षा विकास तथा समन्वय इकाइले अनलाइन इन्ट्रि गरी विद्यालयलाई रुजु गर्न पठाउने | २०८२ पुस मसान्तसम्म |
| २ | विद्यालयले रुजु गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने | २०८२ माघ १५ सम्म |
| ३ | शिक्षा विकास तथा समन्वय इकाइले रजिष्ट्रेशन नं कायम गर्न विद्यालयगत विवरण प.नि.का.मा उपलब्ध गराउने | २०८२ माघ मसान्त सम्म |
| ४ | प.नि.का.बाट कायम भएको रजिष्ट्रेशन नं. सहितको विवरण शिक्षा विकास तथा समन्वय इकाइले सम्बन्धित शिक्षा विकास निर्देशनालय, सम्बन्धित पालिका र सम्बन्धित विद्यालयमा पठाउने | २०८२ फाल्गुण मसान्त सम्म |

**नोट:**

- विद्यार्थीले रजिष्ट्रेसन फाराम भर्दा आफू नियमित रूपमा अध्ययन गरिरहेको विद्यालयबाट मात्र भर्नुपर्ने छ। एकभन्दा बढी विद्यालय/जिल्ला/स्थानबाट भरेको पाइएमा दुबै तर्फको फाराम स्वतः रद्द हुने छ। दोहोरो रजिष्ट्रेसन भर्ने भराउने कार्य नगर्नु नगराउनुहुन र सो कार्य अटेर गरेमा पछि परीक्षा रद्द हुने छ साथै त्यसो गर्ने गराउने व्यक्ति/संस्था स्वयं जिम्मेवार हुनुपर्ने छ।
- रजिष्ट्रेसन फारामको नमुन परीक्षा नियन्त्रण कार्यालयको वेबसाइटमा राखिएको छ। विद्यालयले एक जना विद्यार्थीलाई २ प्रतिका दरले भर्न लगाउनुपर्ने छ। प.नि.का. बाट रजिष्ट्रेसन नं. कायम गरी शिक्षा विकास तथा समन्वय इकाइलाई सफ्ट कपि उपलब्ध गराइने छ। शिक्षा विकास तथा समन्वय इकाइले सफ्ट कपी विद्यालयलाई उपलब्ध गराई विद्यार्थीले भरेको फारामा रजिष्ट्रेशन नं. लेखी सम्बन्धित विद्यार्थीको फोटो टाँसी प्र.अ. र इकइ प्रमुखबाट प्रमाणित गराई एक प्रति विद्यालयमा राख्ने र एक प्रति विद्यार्थीलाई उपलब्ध गराउने
- विद्यालयले रजिष्ट्रेसन फाराम राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट www.see.gov.np वा सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेबसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहुन।

यससम्बन्धी सूचना एवम् जानकारी राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट www.neb.gov.np, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट **www.see.gov.np** वा **सम्बन्धित शिक्षा विकास निर्देशनालयको वेबसाइट** बाट प्राप्त गर्न सकिने छ। साथै सूचनासम्बन्धी कुनै द्विविधा भएमा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को फोनं. ०१–६६३०८१९ मा सम्पर्क गरेर स्पष्ट हुन सकिने छ।

**सच्याइएको:** मिति २०८२।०७।१६ मा प्रकाशित आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचनाको बुँदा नं. १२ मा **खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयहरूले रजिष्ट्रेसन र आवेदनसँगै भर्नुपर्ने छ** भनी उल्लेख भएकोमा विशेष कारणबस शैक्षिक सत्र २०८१ मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूका लागिसमेत २०८२ मा मात्र रजिष्ट्रेसन फाराम भराइएको र सोही समयमा नै खुल्ला तथा वैकल्पिक विद्यालयका विद्यार्थीले समेत रजिष्ट्रेसन फाराम भरिसकेको हुँदा मिति २०८२।०७।१६ को सूचना बमोजिम खुल्ला तथा वैकल्पिकका विद्यार्थीले आवेदन फाराम मात्र भर्न मिल्ने व्यहोरा जानकारी गराइन्छ।

परीक्षा नियन्त्रक